सिंजा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नराकोट, जुम्ला

कर्णाली प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं.:

मिति : २०८३/०२/०८
ने सं. ११४६

सूचना! सूचना!! सूचना!!!

भूउपयोग ऐन, २०७६ र नियमावली, २०७९ बमोजिम यस सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/१२/२९, २०८२/०१/०५ र २०८२/०२/०६ को बैठकको निर्णय बमोजिम सिंजा गाउँपालिकामा भूउपयोग कार्यक्रम, भूउपयोग क्षेत्र वर्गिकरण तथा भूउपयोग क्षेत्र नक्सा तयार गर्ने निर्णय भई उक्त कार्यको जिम्मेवारी प्राप्त गरेको श्री आर्क एड प्लानर्स एण्ड डेभलयर्स प्रा.लि. सामाखुसी काठमाडौले तयार गरेको प्रारम्भिक मस्यौदा र अन्तिम प्रतिवेदन र ६ वटै वडाहरुको कित्तागत विवरणको प्रतिवेदन समेत कार्यालयमा प्राप्त भइसकेकोले सो प्रतिवेदन उपर सिंजा गाउँकार्यपालिकामा मिति २०८३/०१/१७ गतेको बैठकमा समेत छलफल गरी मिति २०८३/०१/१८ देखि २०८३/०१/२४ गते सम्मका लागि कित्तागत विवरणको प्रतिवेदन माथि प्रत्येक टोल वस्तीमा छलफल गराई गाउँपालिकामा राय, सल्लाह र सुझाव समेत पेश गर्ने समयावधि दिई ६ वटै वडा कार्यालयहरुबाट केही सुझावहरु समेत प्राप्त भइसकेको बेहोरा जानकारी गराईन्छ । अब उप्रान्त सिंजा गाउँपालिकाले भूउपयोग ऐन, २०७६ को दफा ४ र भूउपयोग सम्बन्धि २०७९ को नियम ५ को उपनियम ६ बमोजिम सम्बन्धित सबैको जानकारिका लागि भूउपयोग कार्यक्रम, भूउपयोग क्षेत्र वर्गिकरण तथा भूउपयोग क्षेत्रको नक्सा तयार सम्बन्धी कार्य सिंजा गाउँपालिकामा लागुहुने भएकाले उक्त प्रतिवेदन उपर कोही कसैको राय, सल्लाह, सझाब र केहि संशोधन गर्नुपर्ने भएमा यो सूचना प्रकाशन भएका मितिले ३५ दिन अर्थात २०८३/०३/११ गते भित्र सिंजा गाउँपालिकाको कार्यालयमा प्रत्यक्ष रुपमा वा भूउपयोग शाखाको जिम्वेवारी प्राप्त गरेका कर्मचारी कम्प्युटर अधिकृत दिपराज रोकायासँग सम्पर्क राखी वा कार्यालयको Email: ito.sinjamun@gmail.com मा पठाउनुहुन सम्बन्धित सबै सिंजा गाउँपालिकाका वडा नं. १ देखि ६ सम्मका सम्पूर्ण नागरिकलाई जानकारी गराईन्छ उक्त समयावधिभित्र कुनैपनि दावी विरोध नभएको खण्डमा नियमानुसार भैजाने बेहोरा सर्वसाधरणका लागि समेत सूचित गरिन्छ ।

टेक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

१. सूचना प्रविधि शाखा पत्र वेभसाइटमा अपलोड गरिदिनुहुन ।